# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
# (Nepal Industrial & Commercial Bank Limited)

NIC BANK
Complete Financial Solutions

The Banker
Bank of the Year 2007
NEPAL

को

# बाह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

मिति २०६६/०७/२५ गते बसेको यस बैंकको सञ्चालक समितिको १५४औं बैठकको निर्णय बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान:**

**मिति :** २०६६ पौष ३ गते शुक्रबार (तदनुसार डिसेम्बर १८, २००९)

**समय :** अपरान्ह १२:३० बजे

**स्थान :** उद्योग संगठन मोरंगको सभाकक्ष, शहीदमार्ग, तीनपैनी, विराटनगर

**२. छलफलको विषय:**

(क) सामान्य प्रस्ताव:

१) आ. व. २०६५/६६ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०६५/६६ को नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।

३) सञ्चालक समितिले सिफारिस गरे बमोजिम ०.७९% का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

४) आर्थिक वर्ष २०६६/६७ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल वहालवाला लेखापरीक्षक श्री गोपालप्रसाद राजवाहक, जि. पि. राजवाहक एण्ड कम्पनी पुन: नियुक्त हुन योग्य हुनुहुन्छ।

५) संचालकहरुको बैठक भत्ता र दैनिक भ्रमण भत्ता वृद्धि गर्ने।

ख) विशेष प्रस्ताव:

१) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पुँजीको १५% का दरले बोनस शेयर जारी गर्ने र सोही हदसम्म पूँजी वृद्धि गर्ने।

२) प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने।

(ग) विविध:

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी:**

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको सम्बन्धित ठेगानामा साधारणसभाको सूचना, छलफलको विषय सूची नं. "ख" बमोजिमको प्रबन्धपत्र तथा नियमावलीमा भएको प्रस्तावित संशोधनको विवरण र बैंकको संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ। ठेगाना पूरा नभएका तथा उक्त कागज प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन प्राप्त गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ। साथै, सोसम्बन्धी जानकारी यस बैंकको website:www.nicbank.com.np मा उपलब्ध गराइएको छ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लिखित परिचय नम्बरसहित बैंकद्वारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउन हुन अनुरोध छ। प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र र परिचय खुल्ने कुनै प्रमाण (जस्तै, नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान ११:३० बजेदेखि खुल्ला रहने छ र अपरान्ह १:३० बजे बन्द हुनेछ।

३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रोक्सी सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय विराटनगरमा वा बैंकको शेयर रजिष्ट्रार एन. आई. डि. सि. क्यापिटल मार्केटस लि. कमलपोखरीमा दर्ता गराई सक्नुपर्नेछ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन्।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।

६. सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैंले भाग लिन वा प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा ३६ घण्टा अगावै सोको सूचना बैंकको रजिष्टर्ड कार्यालय विराटनगरमा दर्ता गरिसक्नु पर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन। तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वत: बदर हुनेछ।

७. कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्तो प्रतिनिधिपत्र स्वत: खारेज हुनेछ।

८. छलफलको विषयमध्ये विविध शिर्षक अन्तरगत केही जिज्ञासा भए इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु हुन अनुरोध छ।

९. बैंकको शेयर दाखेल खारेजको काम २०६६ साल मंसिर १४ गतेदेखि २०६६ साल पुस ३ गतेसम्म बन्द रहनेछ।

१०. शेयरधनी महानुभावहरुको सुरक्षार्थ, सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कागजात साथमा राख्न हुन एवं झोला वा कुनै पनि किसिमको प्याकेटहरु नलिई आउनु हुन अनुरोध छ।

११. अन्य जानकारीका लागि बैंकको कर्पोरेट कार्यालय, कमलादी, काठमाडौं वा रजिष्टर्ड कार्यालय विराटनगरमा सम्पर्क राख्नु हुन अनुरोध छ।